आज मिति २०८२।०३।०२ गते दिउँसो ३:३० बजे बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

**उपस्थिति**

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | नगर प्रमुख | बुद्धभूमि न.पा. १ | |
| २ | श्री मिरा थारु | उप प्रमुख | बुद्धभूमि न.पा. २ | |
| ३ | श्री तेज बहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १ | |
| ४ | श्री सुरज प्रताप राणा | वडा अध्यक्ष | बुद्धभूमि न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ३ | |
| ६ | श्री सुसिल कुमार चौधरी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ४ | |
| ७ | श्री रोम बहादुर थापा क्षेत्री | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ५ | |
| ८ | श्री ऐलेन्द्र प्रसाद कुर्मी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ६ | |
| ९ | श्री शालिकराम यादव | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ८ | |
| ११ | श्री प्रमोद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ९ | |
| १२ | श्री सन्दीप कुमार पान्डेय | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १० | |
| १३ | श्री कमला चौधरी | का. सदस्य | बुद्धभूमि न.पा. १ | |
| १४ | श्री शिवाली थारु | का. सदस्य | बुद्धभूमि न.पा. २ | |
| १५ | श्री अनिता कुमारी पासी | का. सदस्य | बुद्धभूमि न.पा. ६ | |
| १६ | श्री विमला देवी कुर्मी | का. सदस्य | बुद्धभूमि न.पा. ८ | |
| १७ | श्री अनिता देवी यादव | का. सदस्य | बुद्धभूमि न.पा. ९ | अनिता |
| १८ | श्री प्रभावती लोहार | का. सदस्य | बुद्धभूमि न.पा. ७ | प्रभावती |
| १९ | श्री तारादेवी सुनार | का. सदस्य | बुद्धभूमि न.पा. ४ | |
| २० | श्री कमलेश बरई | का. सदस्य | बुद्धभूमि न.पा. १० | |
| २१ | श्री बासुदेव भट्टराई | सदस्य-सचिव | बुद्धभूमि न.पा. | |

नं. १७/२०८१।०८२

**मिति :२०८२।०३।०२ गते दिनको ३:३० बजे बुद्धभूमि नगर कार्यपालिका बैठकको निर्णयहरू:**

१. **अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।**

**निर्णय:** मिति २०८२।०२।२१ गते बसेको नगर कार्यपालिका बैठकका निर्णणयहरूको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो। साथै कार्यान्वयनको क्रममा रहेका निर्णयहरू तदारूकताका साथ कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

२. **आय व्यय सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको आ.व. २०८१।०८२ को मिति २०८२।०२।३१ गते सम्मको आर्थिक प्रशासन शाखाबाट प्राप्त विवरण अनुसार चालु तर्फ ७१.८६ प्रतिशत तथा पूँजीगत खर्च तर्फ ३९.३८ प्रतिशत रकम खर्च भएको साथै २०८२।०२।३१ गते सम्म आन्तरिक राजश्व तर्फ २ करोड ७३ लाख ६१ हजार ४ सय ५९ रुपैयाँ प्राप्त भएको जानकारी प्राप्त भयो।

३. **सम्पन्न योजनाहरूको फर-फारक सम्बन्धमा।**

**निर्णय:** बुद्धभूमि नगरपालिकाको आ.व.२०८१।०८२ मा सञ्चालित योजना तथा कार्यक्रम मध्ये मिति २०८२।०२।२१ देखि २०८२।०२।३१ गते सम्म योजना शाखाबाट प्राप्त विवरण अनुसार १४ वटा योजना तथा कार्यक्रमहरु फरफारकको लागि पेश भएको र १ वटा योजनाहरूको अनुगमन भएको व्यहोरा जानकारी प्राप्त भयो।

४. **विनियोजन विधेयक, २०८२ सम्बन्धमा।**

निर्णय: आगामी आर्थिक वर्ष २०८२/८३ को लागि बुद्धभूमि नगरपालिकाको विनियोजन विधेयक,२०८२ छलफल गरी पारित गर्न नगर सभाको सत्रौं अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो।

५. **आर्थिक विधेयक, २०८२ सम्बन्धमा।**

निर्णय : आगामी आर्थिक वर्ष २०८२/८३ को लागि बुद्धभूमि नगरपालिकाको आर्थिक विधेयक,२०८२ राजश्व परामर्श समितिबाट पेश हुन आएकोमा उक्त विधेयकको मस्यौदामा छलफल गर्दा प्राप्त सुझावहरू समावेश गरी संशोधन सहित पारित गर्न नगर सभाको सत्रौं अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो।

६. **आर्थिक वर्ष २०८२/०८३ को वार्षिक योजना तथा कार्यक्रम सम्बन्धमा।**

निर्णय : बुद्धभूमि नगरपालिकाको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको मिति २०८२।०३।०२ को बैठकको निर्णय अनुसार बजेट सिमा तथा मार्गदर्शनको परिपत्र बमोजिम बुद्धभूमि नगरपालिकाको आ.व. २०८२/८३ को योजना तथा कार्यक्रमहरु टोल वस्तीबाट संकलन गरि वडा समितिबाट प्राथमिकिकरणको निर्णय सहित विषयगत समितिहरुमा पेश भएकोमा तत् तत् समितिहरुमा आवश्यक छलफल भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश हुन आएका नगर स्तरिय तथा वडा स्तरिय योजना तथा कार्यक्रमहरु बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट यस बैठकमा पेश भएकोमा छलफल गरि प्राप्त सुझावहरू समावेश गरी संशोधन सहित देहाय अनुसार अनुसूची ५ पारित गर्न नगर सभाको सत्रौं अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो।

वासुदेव भट्टराई
प्रमुख प्रशासकिय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

७) **बालश्रम मुक्त वडा घोषणा गर्ने सम्बन्धमा।**

**निर्णय:** बालश्रम मुक्त स्थानीय तह घोषणा सम्बन्धी कार्यविधि, २०७७ को परिच्छेद ३ मा उल्लेखित सूचकहरू पुरा भएको भनी नगरपालिकाका वडाहरुबाट वडा समितिको निर्णय सहित बालश्रम मुक्त वडा घोषणा गर्न सिफारिस भई आएकोमा नगरस्तरीय स्थानीय समन्वय समितिद्वारा विभिन्न मितिमा अनुगमन गरी नगर प्रमुख समक्ष निर्णय तथा प्रतिवेदन पेश भएको हुँदा उक्त प्रतिवेदनको आधारमा बुद्धभूमि नगरपालिकाका वडाहरु बाल श्रम मुक्त वडा घोषणा भईसकेको हुँदा बालश्रम मुक्त नगर घोषणाको सार्वजनिकीकरणका लागि आगामी सत्रौँ नगर अधिवेशमा पेश गर्ने निर्णय गरियो।

८. **बुद्धभूमि नगरपालिकाको नदिजन्य पदार्थ व्यवस्थापन विधेयक, २०८२ सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको नदिजन्य पदार्थ व्यवस्थापन विधेयक, २०८२ विधेयक समितिबाट पेश हुन आएकोमा उक्त विधेयकको मस्यौदामा छलफल गर्दा प्राप्त सुझावहरू समावेश गरी संशोधन सहित पारित गर्न नगर सभाको सत्रौँ अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो।

९. **छाडा पशु चौपाय व्यवस्थापन र नियन्त्रण विधेयक, २०८२ सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको छाडा पशु चौपाय व्यवस्थापन र नियन्त्रण विधेयक, २०८२ विधेयक समितिबाट पेश हुन आएकोमा उक्त विधेयकको मस्यौदामा छलफल गर्दा प्राप्त सुझावहरू समावेश गरी संशोधन सहित पारित गर्न नगर सभाको सत्रौँ अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो।

१०. **बुद्धभूमि नगरपालिकाको स्वास्थ्य सेवा सम्बन्धी ऐन, २०८१ संशोधन सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको स्वास्थ्य सेवा सम्बन्धी ऐन, २०८१ विधेयक समितिबाट संशोधनका लागि पेश हुन आएकोमा उक्त ऐन माथि छलफल गर्दा प्राप्त सुझावहरू समावेश गरी संशोधन सहित पारित गर्न नगर सभाको सत्रौँ अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो।

११. **बुद्धभूमि नगरपालिकाको खानेपानी तथा सरसफाई ऐन, २०७९ संशोधन सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको खानेपानी तथा सरसफाई ऐन, २०७९ विधेयक समितिबाट संशोधनका लागि पेश हुन आएकोमा उक्त ऐन माथि छलफल गर्दा प्राप्त सुझावहरू समावेश गरी संशोधन सहित पारित गर्न नगर सभाको सत्रौँ अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो।

१२. **न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकामा आ.व. २०८१।०८२ मा दर्ता भएका मुद्दा तथा फछ्यौंट सम्बन्धमा न्यायिक समितिबाट पेश भएको प्रतिवेदनहरू माथि समिक्षा गरियो। साथै बुद्धभूमि नगरपालिकाको न्यायिक समितिको सचिवालयबाट २०८२।०२।३१ सम्मको प्रगति विवरण सहितको प्रतिवेदन पेश भएकोमा छलफल तथा पारित गर्नका लागि नगर सभाको सत्रौँ अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

## आ.व. २०८२।०८३ निसर्त तर्फको प्रस्तावित कार्यक्रमहरू

रु. हजारमा

| संकेत नं. | शीर्षक | श्रोत | | | | | | जम्मा | % |
|---|---|---|---|---|---|---|---|---|---|
| | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जन सहभागिता | | |
| | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | | |
| क) | | | | | | | | | |
| १. भौतिक पूर्वाधर तर्फ | | | | | | | | २२३०००.० | ४६.५ |
| १.१ | वडा स्तरीय योजना | | | | | | | ८०५००.० | १६.८ |
| १.२ | समपुरक कोष  क) नेपाल सरकार तर्फ | | | | | | | ४७५००.० | ९.९ |
| | ख) प्रदेश सरकार तर्फ | | | | | | | १२५००.० | २.६ |
| १.३ | लागत सहभागिता कार्यक्रम | | | | | | | २५५००.० | ५.३ |
| १.४ | नगर स्तरीय बहुवर्षिय अधुरो वडा कार्यालय | | | | | | | १५०००.० | ३.१ |
| | नयाँ वडा कार्यालय भवन | | | | | | | ५०००.० | १.० |
| १.५ | नगरस्तरीय मझौला पूर्वाधार सडकहरू | | | | | | | १००००.० | २.१ |
| १.६ | नगरस्तरीय साना पूर्वाधार सडकहरू | | | | | | | १३०००.० | २.७ |
| १.७ | सिचाई | | | | | | | ७०००.० | १.५ |
| १.८ | अत्यावशयकीय मर्मत कार्य तथा उल्लेखित योजनाका लागि | | | | | | | ७०००.० | १.५ |
| २. आर्थिक विकास तर्फ | | | | | | | | १८५००.० | ३.९ |
| २.१ | कृषि | | | | | | | ७०००.० | १.५ |
| २.२ | पशु | | | | | | | ७०००.० | १.५ |
| २.३ | सहकारी /उद्योग /पर्यटन | | | | | | | २५००.० | ०.५ |
| २.४ | बुडढी ताल सौन्दर्यीकरण | | | | | | | २०००.० | ०.४ |
| ३. सामाजिक विकास तर्फ | | | | | | | | ८८५००.० | १८.५ |
| ३.१ | संस्कृति प्रवर्धन (धार्मिक संरचना समेत) | | | | | | | ८०००.० | १.७ |
| ३.२ | नगरस्तरीय खेलकुद कार्यक्रम | | | | | | | २५००.० | ०.५ |
| ३.३ | लक्षित कार्यक्रम | | | | | | | | |
| | क) नगर स्तरीय | | | | | | | ७५००.० | १.६ |
| | ख) वडा स्तरीय | | | | | | | | |
| ३.४ | शिक्षा | | | | | | | ५००००.० | १०.४ |
| ३.५ | स्वास्थ्य | | | | | | | २००००.० | ४.२ |
| ३.६ | बहुक्षेत्रीय पोषणको लागि समपुरक | | | | | | | ५००.० | ०.१ |
| ४. वन तथा वातावरण तर्फ | | | | | | | | ९९००.० | २.१ |
| ४.१ | सडक बत्ती मर्मत तथा जडान | | | | | | | १०००.० | ०.२ |
| ४.२ | सरसफाई फोहरमैला व्यवस्थापन | | | | | | | ५००.० | ०.१ |
| ४.३ | वन तथा भू. संरक्षण | | | | | | | १०००.० | ०.२ |
| ४.५ | विपद् व्यवस्थापन | | | | | | | ७०००.० | १.५ |
| ४.६ | एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन अनुदान | | | | | | | ४००.० | ०.१ |
| ५. संस्थागत विकास/ मानव संसाधन तर्फ | | | | | | | | ११००.० | ०.२ |
| १ | मेलमिलाप कर्ता बैठक तथा व्यवस्थापन | | | | | | | ५००.० | ०.१ |
| २ | न्यायिक समिति/जनप्रतिनिधी/ कर्मचारीहरूको क्षमता अभिवृद्धि तालिम | | | | | | | ५००.० | ०.१ |
| ३ | न्यायिक समिति अनुगमन | | | | | | | १००.० | ०.० |
| ६.कर्मचारी,जनप्रतिनिधी पारिश्रमिक र कार्यालय संचालन खर्च | | | | | | | | १२४२२०.० | २८.८ |
| १ | चालु तर्फको कार्यालय सञ्चालन, सहजीकरण, सम्पादित कार्यकमहरूको प्रचारप्रसार, अनुगमन, मूल्यांकन तथा अन्य कार्यक्रमहरू | | | | | | | १३९००.० | |
| क) | कूल जम्मा | | | | | | | ४७९१२०.० | |

वासुदेव भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

**१३. लेखा समितिको प्रतिवेदन सम्बन्धमा।**

**निर्णय :** महालेखा परीक्षकको कार्यालयबाट बुद्धभूमि नगरपालिकाको आ.व. २०८०/८१ को अन्तिम लेखा परिक्षणको क्रममा औल्याईएका बेरुजुहरु मध्ये पेश्की, प्रमाण नपुगेको, नियमित गर्नुपर्ने लगायतमा वर्गीकरण गरी सम्परीक्षण गर्नु पर्ने कारण समेत उल्लेख गरि लेखा समितिबाट पेश हुन आएकोमा उक्त बेरुजु रकमलाई अनुसूचीमा उल्लेख भए बमोजिम महालेखा परीक्षकको कार्यालयमा सम्परीक्षण गरि फछ्यौंट गर्नका लागि सिफारिस गर्न नगर सभाको सत्रौं अधिवेशन बैठकमा पेश गर्ने निर्णय गरियो।

**१४. देउरीतालको ठेक्का सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिका ४ नं. वडा अन्तर्गत नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने देउरीतालको न्यूनतम कबोल अंक रु.४८,९०,०००। (अक्षरेपी अठ्चालिस लाख नब्बे हजार रुपैयाँ मात्र।) कायम गरी ७ वर्षको लागि ठेक्का व्यवस्थापनको लागि सूचना प्रकाशनको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**१५. पत्रपत्रिका तथा अनलाइन मिडियाको बिल भुक्तानी सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको पन्ध्रौं नगर सभाबाट पारित बार्षिक नगर विकास योजना आ.व. २०८१।८२ को पेज नं. ७४ को सि.नं. २७ र पेज नं. ७७ को सि.नं. ३ र ४ र पेज नं. ७८ सि.नं. १५ मा उल्लेखित शिर्षकबाट कार्यान्वयन हुने गरी यस आ.व. मा १ पटकका लागि मात्र तपसिल अनुसार रकममा नबढ्ने गरी कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**तपसिल:**

क) एफ.एम रेडियो बढीमा रू. २,०००।– (दुई हजार मात्र)
ख) राष्ट्रिय स्तरका पत्रपत्रिका बढीमा रू. ५,०००।– (पाँच हजार मात्र)
ग) स्थानीय स्तरका पत्रपत्रिका बढीमा रू. ३,५००।– (तीन हजार पाँच सय मात्र)
घ) अनलाइन समाचार रू. २,०००।– (दुई हजार मात्र)

**१६. विविध**

**क) नेपाली सेना शम्शेर दल गण गोरूसिगेंको पत्र सम्बन्धमा ।**

निर्णयः नेपाली सेना शम्शेर दल गण गोरूसिगेंको च.नं. ६६६७/प्रबन्ध/१८/०८१/०८२/२१३० मिति २०८२।०२।०२ गतेको पत्रानुसार सिफारिस माग भए बमोजिम बुद्धभूमि नगरपालिका वडा नं. २ स्थित वि.सं.२०३६ सालदेखि नेपाली सेना तैनाथ रहँदै आईरहेको करिव ८२ विगाहा क्षेत्रफल भनि पत्राचार गरेकोमा उक्त जग्गा श्री डिभिजन वन कार्यालय, तौलिहवाबाट खटिएका प्राविधिक टोलीद्वारा नापजाँच गर्दा ५३.२१ हेक्टर (७८.५९६ बिगाह) क्षेत्रफल भएको। कपिलवस्तु जिल्ला, बुद्धभूमि नगरपालिका, वडा नं.२ स्थित राष्ट्रिय वनको नाममा रहेको सो जग्गा पूर्वतर्फ अर्घाखाँची-गोरुसिङ्गे सडकखण्ड, पश्चिमतर्फ पोखरी, उत्तरतर्फ राष्ट्रिय वन गोरुसिङ्गे र दक्षिणतर्फ पुर्व-पश्चिम राजमार्गमा अवस्थित रहेको। उक्त जग्गा हाल नेपाली सेनाको भोगाधिकारमा ल्याउने कार्यको लागि यस कार्यालयबाट सिफारिस माग भएकोले उक्त जग्गालाई नेपाली सेनाको नाममा ल्याउने प्रक्रियाको लागि शम्शेर दल गण गोरूसिगेंलाई सिफारिस प्रदान गर्ने निर्णय गरियो।

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

**ख) म्याद थप सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको ठेक्का नं. 5/BM/RD/2081/82 Pakrehti-Premnagar-Ailnagar-Chetradehi Sadak (Phase III) (Road Upgrading With Asphalt Concrete) को कार्य सम्पन्न हुन नसकेको, बेमौसमि तापक्रमले गर्दा अक्सफाल्टको काम गर्न नसकेकोले २०८२ असार १५ सम्म म्याद थपको लागि प्राविधिक शाखाबाट सिफारिस सहित निवेदन प्राप्त हुन आएकोले सम्पन्न गर्नु पर्ने म्याद २०८२ असार १५ सम्म थप गर्ने।

**ग) सडक बालबालिका मुक्त नगर घोषणा सम्बन्धमा।**

**निर्णय :** लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), नेपालको च.नं. ८४१ मिति २०८२/०२/२८ को पत्रानुसार प्रत्येक स्थानीय तहलाई सडक बालबालिका मुक्त घोषणा गर्ने लेखी आएको र बुद्धभूमि नगरपालिकाका वडा कार्यालयहरूबाट समेत कम्तिमा ७ दिनको सार्वजनिक सूचना प्रकाशन गरी सडक बालबालिका भए/नभएको यकिन गरी नगरपालिकामा पत्राचार गर्न अनुरोध भए बमोजिम सबै वडाहरुबाट हालसम्म सडक बालबालिका नभएको भनी पत्र प्राप्त भएकोले नगरपालिकालाई सडक बालबालिका मुक्त घोषणा गर्ने निर्णय गरियो।

**घ) धान दिवस मनाउने सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार २२ औं राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव "धान बालीमा सघनता : खाद्यसुरक्षा र आत्मनिर्भरता" भन्नेत मूल नाराका साथ बुद्धभूमि नगरपालिका वडा नं. ३ घनचौरामा मिति २०८२ असार १५ गते संचालन गर्ने निर्णय गरियो।

**ङ) रिक्सा सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि कार्यविधि, २०८१ बमोजिम सम्बन्धित व्यावसायिहरुलाई रिक्सा दर्ता तथा रुट ईजाजत लिन भनि नगरपालिकाबाट २ पटक २१ दिने सूचना प्रकाशन भएको तोकिएको म्यादभित्र न्यून मात्रमा निवेदन दर्ता हुन आएकोले दर्ता तथा रुट ईजाजतको लागि पुन २१ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो।

**च) ठेक्का नं. ४० को म्याद थप तथा भेरियसन सम्बन्धमा।**

**निर्णय :** आर्थिक वर्ष २०८१/०८२ को ठेक्का नं. 40/BM/BDG/2081/082 Construction of community truss Building at Buddhabhumi Municipality -09 को निर्माण गर्ने क्रममा सम्झौता पत्रको BOQ Quantity को सि.नं. ९ मा 3MM thick Composite Carbon Fibre UPVC roofing Sheet को परिमाण 107.06 sq.m रहेकोमा मिति २०८२।०२।१५ गतेको पत्रानुसार अपुग भएकोले (Variation order) र म्याद थप पाँउ भनि निवेदन पेश भएकोमा स्थलगत निरीक्षण गर्दा १८२.८६ sq.m लाग्ने हुँदा सम्झौता रकम VAT र P.S. सहित १४८४७३१.३६ रहेकोमा १६८६०२४.७८ (१३.७९%) ले (Variation order) जारी गर्न तथा सो सम्झौताको म्याद २०८२।०३।१० सम्म थप गर्न मनाशिव देखिएको भनी भवन तथा वस्ती विकास शाखाबाट सिफारिस भई आएकोले (१३.७९%) ले (Variation order) जारी गर्ने तथा सो सम्झौताको म्याद २०८२।०३।१० सम्म थप गर्ने निर्णय गरियो।

**छ) वातावरण निरीक्षक सम्बन्धमा।**

**निर्णय :** वातावरण संरक्षण ऐन, २०७६ को दफा २१ को व्यवस्था अनुरुप यस कार्यालयका सब इन्जिनियर श्री नवराज पौडेललाई वातावरण निरीक्षकको रुपमा समेत काम गर्ने गरी जिम्मेवारी दिने निर्णय गरियो।

ज) **विदुषा कन्स्ट्रक्सनको पत्र सम्बन्धमा।**

निर्णय : बुद्धभूमि नगरपालिका र श्री विदुशा कन्स्ट्रक्सन प्रा.लि. बीच मिति २०८२।०१।१४ मा भएको सम्झौता बमोजिम यस कार्यालयमा २५,००० घ.मि. माटो उत्खनन र निकासीको लागि रकम दाखिला गरिएकोमा २०८२।०२।३० सम्म तोकिए बमोजिमको पुरा परिमाण उत्खनन हुन नसकी हाल ५ हजार घ.मि. मात्र उत्खनन भएको बाँकी २० हजार घ.मि. परिमाण आ.व. २०८२/०८३ उत्खनन तथा निकासी पाउन विदुशा कन्स्ट्रक्सन प्रा.लि. को च.नं. १५५ मिति २०८२।०२।२३ को पत्रसाथ अनुरोध भई आएको हुँदा प्राविधिक प्रतिवेदन प्राप्त पश्चात थप छलफल गरी आगामी बैठकमा पेश निर्णय गरियो।

झ) **सामुदायिक विद्यालयको आर्थिक गतिविधि अध्ययन समितिको प्रतिवेदन सम्बन्धमा।**

निर्णय : सामुदायिक विद्यालयको आर्थिक गतिविधि अध्ययन समितिले नगरपालिका भित्रका १४ वटा सामुदायिक विद्यालयहरूको स्थलगत अनुगमन तथा अध्ययन गरी प्रतिवेदन पेश गरेकोमा उक्त प्रतिवेदनको अध्ययन र छलफल गरियो। सुझाव कार्यान्वयन सन्दर्भमा नगरपालिका अन्तर्गत सञ्चालित समुदायमा रहेका बालविकास केन्द्रहरूको समेत अनुगमन गरी शिक्षक/ विद्यार्थी संख्या अनुपात समेतको अवस्था अध्ययन गरी बालविकास केन्द्र र बालविकास अनुदान शिक्षक कोटाको पुनरावलोकन गर्ने निर्णय गरियो।

ञ) **नेपाल विद्युत प्राधिकरण कृष्णनगर वितरण केन्द्रको पत्र सम्बन्धमा।**

निर्णय : नेपाल विद्युत प्राधिकरण कृष्णनगर वितरण केन्द्रको च.नं. ९१६ मिति २०८२।०२।२७ को पत्रानुसार वडा कार्यालयको क्षेत्रभित्र सञ्चालित मन्दिर, मस्जिद, मदरशा तथा अन्य धार्मिक तथा सार्वजनिक संस्थाहरूमा बिना मिटर विद्युतको अनाधिकृत उपयोग नगरी तुरून्त मिटर जडान गरी सेवा लिने व्यवस्था गर्न साथै धार्मिक तथा सार्वजनिक संस्था तथा सडक वत्ती समेतको महसुलको लागि स्थानीय रूपमा स्रोतको व्यवस्था गरेर मात्र प्रयोग गर्न अन्यथा विद्युत सेवा प्रयोग गरेबापतको महसुलको लागि यस कार्यालय जिम्मेवार नरहने गरी सम्बन्धित कार्यालयमा जानकारी गराउने निर्णय गरियो।

ट) **कृषि व्यवसायमा प्रयोग हुने ट्रेक्टरको भाडा दर सम्बन्धमा।**

निर्णय : बुद्धभूमि नगरपालिका क्षेत्रभित्र कृषि व्यवसाय प्रयोजनमा (जोताईमा) प्रयोग हुने ट्रेक्टरको भाडादर तपसिल बमोजिम कायम गर्ने र सोको जानकारी सबै वडा कार्यालयहरूलाई गराउने निर्णय गरियो।

**तपिसल:**

| क्र.स. | साधनको नाम | कृषि व्यवसायमा प्रयोग | रकम |
|---|---|---|---|
| १ | ट्रेक्टर | कल्टिभेटर | १५००।- |
| | | रोडभेटर | २०००।- |

बासुदेव भट्टराई
प्रमुख प्रशासकिय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख